निर्वाचन आयोग

जिल्ला निर्वाचन कार्यालय

काभ्रेपलाञ्चोक


पत्र संख्या : ०७८/७९

च.न. :

मिति: २०७८/०५/१५

## अती जरूरी सूचना ! सूचना !! सूचना !!!

### बिषय:– सनाखत गर्न आउने ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनबादी) नामक राजनीतिक दलबाट छुट्टिई बनेको नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजबादी) नामक राजनीतिक दल र जनता समाजबादी पार्टी, नेपाल नामक राजनीतिक दलबाट छुट्टिई बनेको लोकतान्त्रिक समाजबादी पार्टी नेपाल नामक राजनीतिक दलमा प्रवेश गर्न चाहने नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनबादी) र जनता समाजबादी पार्टी, नेपाल नामक राजनीतिक दलबाट निर्वाचित प्रदेश सभा सदस्य तथा स्थानीय तहका सदस्यहरूलाई राजनीतिक दल सम्बन्धी ऐन, २०७३ (दोस्रो संशोधन अध्यादेश, २०७८) को दफा ३३ को उपदफा (२क) र राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ (दोस्रो संशोधन) को नियम ५ को उपनियम (७ क) बमोजिम सनाखत गराउने सम्बन्धमा निर्वाचन आयोग नेपाल बाट मिति २०७८/५/१३ गतेमा निर्णय भई निर्वाचन आयोग, नेपाल (कानुन तथा राजनीतिक दल ब्यबस्थापन महाशाखा) को प.सं. च.नं.७१–०७७/७८ मिति २०७८/५/१३ गतेको "सनाखत गराउने सम्बन्धमा" को प्राप्त पत्रानुसार लेखि आएकोले यो सूचना प्रकाशित गरिएको छ । उपरोक्तानुसारको राजनीतिक पार्टीबाट छुट्टिई बनेको उपरोक्तानुसारको राजनितिक दलमा प्रबेश गर्न चाहानु हुने प्रदेश सभामा निर्वाचित हुनु भएका प्रदेश सभा सदस्यहरू र स्थानीय तहका सदस्यहरूलाई देहाय बमोजिम सनाखत गर्न जानु हुन र देहाय बमोजिम सनाखत गर्न यस कार्यालयमा आउनु हुन अनुरोध छ ।

तपशिल:–

१. नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनबादी) नामक राजनीतिक दलबाट छुट्टिई बनेको नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजबादी) नामक राजनीतिक दलमा प्रबेश गर्न चाहाने नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनबादी) नामक राजनीतिक दलबाट निर्वाचित प्रदेशसभा सदस्यहरू ।

जिल्ला निर्वाचन अधिकारी




जिल्ला निर्वाचन कार्यालय, काभ्रेपलाञ्चोक, फोन नं: ०११४९०४८७, मोवाइल नं. ९८५१२०४४८७

फ्याक्स नं. ०११४९०४८७, E mail: ecdeokavre29@gmail.com

२. जनता समाजबाटी पार्टी, नेपाल नामक राजनीतिक दलबाट छुट्टिई बनेको लोकतान्त्रिक समाजबादी पार्टी नेपाल नामक राजनीतिक दलमा प्रवेश गर्न चाहाने जनता समाजवादी पार्टी, नेपाल नामक राजनीतिक दलबाट निर्वाचित प्रदेश सभा सदस्यहरू ।

३. नं. १ र २ नं. मा उल्लेखित निर्वाचित प्रदेश सभा सदस्यहरू सनाखत गराउन श्री प्रदेश निर्वाचन कार्यालय, बाग्मती प्रदेश हेटौंडामा जानु हुन ।

४. सनाखत गर्न जादा प्रदेश सभा सदस्यले सक्कल नागरिकता वा मतदाता परिचयपत्र र निर्वाचित भएको प्रमाणपत्र वा प्रदेश सभा सचिवालयबाट जारी भएको परिचयपत्र वा प्रमाणित पत्र अनिवार्य रूपमा लिई जानुपर्ने छ ।

५. नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनबादी) नामक राजनीतिक दलबाट छुट्टिई बनेको नेपाल कम्पुनिष्ट पार्टी (एकीकृत समाजबादी) नामक राजनीतिक दलमा प्रवेश गर्न चाहाने नेपाल कम्पुनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनबादी) नामक राजनीतिक दलबाट निर्वाचित स्थानीय तहका सदस्यहरू ।

६. जनता समाजबाटी पार्टी, नेपाल नामक राजनीतिक दलबाट छुट्टिई बनेको लोकतान्त्रिक समाजबादी पार्टी नेपाल नामक राजनीतिक दलमा प्रवेश गर्न चाहाने जनता समाजबादी पार्टी, नेपाल नाम राजनीतिक दलबाट निर्वाचित स्थानीयतहका सदस्यहरू ।

७. नं. ५ र ६ नं. मा उल्लेखित स्थानीय तहमा निर्वाचित स्थानीय तहका सदस्यहरू सनाखत गराउन स्वयम (आफै) यस जिल्ला निर्वाचन कार्यालय काभ्रेपलाञ्चोक धुलिखेलमा आउनुपर्ने छ ।

८. सनाखत गर्न यस जिल्ला निर्वाचन कार्यालय धुलिखेल काभ्रेपलाञ्चोक धुलिखेलमा आउदा स्थानीय तहका सदस्यले सक्कल नागरिकता वा मतदाता परिचयपत्र र निर्वाचित भएको प्रमाणपत्र वा सम्बन्धित स्थानीय तहबाट जारी भएको परिचयपत्र वा प्रमाणित पत्र अनिवार्यरूपमा लिई आउनुपर्ने छ ।

९. नं. १, २, ५ र ६ बमोजिमको दलहरूबाट नयाँ छुट्टिई कायम भएको नयाँ दलमा प्रवेश गर्न चाहानु हुने मात्र निर्वाचित प्रदेश सभा सदस्यहरू र निर्वाचित स्थानीय तहका सदस्यहरू आफै मिति २०७८/०५/२२ गते सम्म प्रदेशसभा सदस्यले प्रदेशसभा निर्वाचन कार्यालय मकवानपुर हेटौंडामा र स्थानीय तहका सदस्यहरूले यस जिल्ला निर्वाचन कार्यालय काभ्रेपलाञ्चोक धुलिखेलमा उपस्थित भई सनाखत गर्नुपर्ने छ ।

१०. सनाखत गर्न आउनुपर्ने समय सिमा:– मिति २०७८/५/२२ गते सम्म कार्यालय समय भित्र ।

(उमेश कुमार राई)
जिल्ला निर्वाचन अधिकारी
जिल्ला निर्वाचन अधिकारी